# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मणिग्राम, रुपन्देहीका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/१९ गते शुक्रबारको नागरिक राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, मणिग्राम रुपन्देहीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/२९ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, मणिग्राम रुपन्देहीमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

**क. ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०४/०४ मा दर्ता नं. १९३५६१/०७५/०७६ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, बुटवल, रुपन्देहीबाट मिति २०७५/०४/०७ (मु.अ.कर दर्ता मिति २०७५/०४/०७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०६६५९३०५ को प्रमाणपत्र प्राप्त **बुद्ध इलेक्ट्रो पावर प्रा.लि.** ।

**रजिष्ट्रर्ड ठेगाना :** रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १० कालिकानगर ।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : टङ्क प्रसाद पाण्डेय**<br>(ना.प्र.नं. ८/४२६, जारी मिति २०४५/०१/२८,<br>प्रतिलिपि जारी मिति २०७१/०८/२४<br>जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) ।<br>**ठेगाना :** रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १ ।<br>**बाबु :** निलकण्ठ पाण्डेय ।<br>**बाजे :** माधव प्रसाद पाण्डेय । | **जमानतकर्ता : शशीकला पाण्डेय** (ना.प्र.नं. ३७<br>२०१३/६३८१४, जारी मिति २०६७/०८/२४,<br>प्रतिलिपि जारी मिति २०७१/१०/२३,<br>जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) ।<br>**ठेगाना :** रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १ ।<br>**बाबु :** रिखिराम रेग्मी ।<br>**पति :** टङ्क प्रसाद पाण्डेय । ससुरा : निलकण्ठ पाण्डेय । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. टङ्क प्रसाद पाण्डेयको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दवन गा.वि.स. वडा नं. २, नक्सासिट नं. २ग, स्थित कित्ता नं. ३६९ र २०१७, क्षेत्रफल ०-०-६-० र १-१८-१८.५९-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..१

२. ऋणी **बुद्ध इलेक्ट्रो पावर प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय, मणिग्राम रुपन्देहीबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, मणिग्राम रुपन्देहीमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x24